

## ल सुन्नुहोस्, म केही भन्छु !

नमस्कार ! म सामाजिक अभियन्ता बलिसरा । सुदूर र मध्यपश्चिममा मैले देखेका बालविवाहका केही कुरा तपाईंहरुसँग बाँड्न चाहन्छु । तपाईंहरुलाई थाहा छ ? धेरैजसो किशोरकिशोरीहरुले एक अर्काको लहलहैमा लागेर वा अरुको सिको गरेर सानै उमेरमा विवाह गर्छन् । आफ्ना साथीहरु मध्ये कसैको विवाह भयो या कसैसँग मायापिरती बस्यो भने त्यसले पनि उनीहरुलाई प्रभाव पार्दो रहेछ । नवविवाहित दुलहीका गहना, नयाँ लुगा, माइती घरबाट पाउने मायाममता, र श्रीमान्सँग सजिएर हिँडेका दृश्यहरु तथा दुलाहले घर र ससुरालीबाट पाउने माया, मानसम्मान, पैसा, घुमफिर गर्ने स्वतन्त्रता, र विद्यालय जानु नपर्ने जस्ता कुराहरुले पनि किशोरकिशोरीलाई विवाह गर्नु उचित हो भन्ने लाग्ने रहेछ । अझ हिजोआज त सामाजिक सञ्जालको दुरुपयोगले गर्दा पनि धेरै युवायुवतीहरुले सानै उमेरमा विवाह गरेको देख्न र सुन्न पाइन्छ ।

के सानै उमेरमा विवाह गर्नु उचित हो ? एकचोटी राम्ररी मनन् गरौं त । उमेर नपुगी विवाह गर्ने जोडीहरुले आफूले सोचे जस्तो जीवन जिएका छन् त ? आउनुहोस्, सबै मिलेर सोचौं , बालविवाहले व्यक्तिगत, पारिवारिक, सामाजिक, आर्थिक, शैक्षिक र पेशागत जीवनमा कस्तो प्रभाव पार्छ होला ? हामी सबैले विचार गरौं ।

## बालविवाहका नकारात्मक असरहरु

### शिक्षा :



विवाह पश्चात घरव्यवहारको काममा धेरै समय बिताउनु पर्ने हुनाले पढाइको लागि समय पाउन कठिन हुन्छ । पढाइमा मन नलाग्ने, ध्यान केन्द्रित नहुने, मन लागेको बेलामा पढ्न नपाइने, अझ छोरी मान्छेलाई विद्यालय नपठाउने जस्ता कुराहरुले शिक्षा प्राप्तिको अवसरबाट वञ्चित हुनुपर्छ ।

दार्चुला, मालिकार्जुनकी १६ वर्षकी एक किशोरीले २०७५ बैशाखमा कक्षा १० पढ्दै गर्दा भागेर विवाह गरिन् । विवाहपछिको जीवन सोचे जस्तो हुन सकेन । पढाइको तीव्र इच्छा हुँदाहुँदै पनि विवाह पछि विद्यालय जान पाइनन् । पढ्न नपाएको हुनाले नै उनले विवाहको ६ महिनामै श्रीमान्सँग सम्बन्धविच्छेद गरिन् र आफ्नो पढाइलाई निरन्तरता दिइन् । हाल उनी कक्षा १२ मा अध्ययनरत छिन् । उनी भन्छिन् "पहिला शिक्षा अनि विवाह ।"

### स्वास्थ्य :

अपरिपक्व उमेरमा बच्चा जन्माउँदा आमा र बच्चा दुवैको ज्यान जोखिममा पर्ने, पाठेघरको क्यान्सर हुन सक्ने, पाठेघर खस्ने, भाइरल संक्रमण, रक्तअल्पता, गर्भ खेर जाने, स्वास्थ्य बिग्रने आदि जस्ता शारिरीक र मानसिक समस्याहरु पनि बालविवाह गर्ने किशोरीले बेहोर्नु पर्दछ ।

### आर्थिक अवस्था :

आवश्यक ज्ञान र सीपको अभावले गर्दा आफूले चाहे जस्तो अवसर वा रोजगारी पाउन सकिँदैन । पारिवारिक जिम्मेवारीले गर्दा कडा परिश्रम गरेर थोरै कमाई हुने खालका कामहरु गर्नुपर्ने, जिन्दगीभर अभावमा बाँच्नुपर्ने र आर्थिक समस्याको सामना गर्नुपर्ने हुनसक्छ ।



### पारिवारिक सम्बन्ध तथा मायाममता :

विवाहपछि श्रीमती र श्रीमान् दुवैले पारिवारिक जिम्मेवारीका साथसाथै घरको कामकाज र अन्य दायित्वहरु वहन गर्नुपर्दछ । हाम्रो देशको सन्दर्भमा अझ बुहारीले त कयौं गुणा बढी र जटिल काम तथा नियमहरु पालना गर्नु परेको पनि देखिन्छ । सानै उमेरमा राम्रोसँग सम्पूर्ण जिम्मेवारी निर्वाह गर्न नसक्दा पारिवारिक मायाममता पाइदैन र घरेलु हिंसाको जोखिममा परि तनावपूर्ण जीवन बाँच्नु पर्ने हुन सक्छ ।

बाजुरा, गौमुल गाउँपालिकाकी एक किशोरीले १५ वर्षको उमेरमा २०७६ जेठमा विवाह गरिन् । विवाहको लगभग ४ महिनामै गर्भवती भइन् । धेरै सानो उमेरमा गर्भवती हुँदा उनले शुरुबाटै थुप्रै शारीरिक समस्याहरु भोग्नु पर्‍यो । एकदिन खेतबारीमा काम गर्दागर्दा सुत्केरी व्यथाले सहन नसक्ने गरी उनको पेट दुख्यो । अवस्था जटिल बन्दै गएपछि स्वास्थ्य संस्थामा लग्दै गर्दा बाटोमा नै उनको गर्भ खेर गयो । अत्याधिक रक्तश्रावका कारण उनको जीवन अति नै जोखिममा पर्न गयो तर समयमै स्वास्थ्य संस्थामा पुगेको हुनाले उनको ज्यान त बच्यो तर नवजात शिशुको ज्यान बचाउन सकिएन ।



डोटी, दिपायल सिलगढीकी २० वर्षिया एक किशोरी दुई सन्तानकी आमा हुन् । उनी भन्छिन् "आमाबुबाले सानैमा बिहे गरिदिए, उहाँहरुको बोझ बनेर माइत बस्नु छोरीको धर्म होइन; उमेर कसरी ढल्कियो थाहै भएन, सानै देखिको पढ्ने रहर पनि विवाहपछि सकियो । अहिले पछुताउनुको विकल्प छैन् ।"

*स्रोत: कान्तिपुर, २४ श्रावण २०७६*



साथी, विद्यार्थी जीवन अमूल्य छ । सुनौलो भविष्य निर्माणका लागि गुणस्तरीय शिक्षा आर्जन गर्नु अति आवश्यक छ । धेरै सुन्दर सपनाहरु साकार पार्न तिमी विद्यालय जान्छौ । कतै ती सपनाहरु बालविवाहले एकैछिनमा समाप्त पार्ने त हैन । त्यसैले होसियार होऊ र बालविवाहबाट सधैं टाढा बस ।



## बालविवाहबाट कसरी बच्ने ?

- उमेर नपुग्दै तपाईको विवाहको कुरा चल्दैछ भने नाई भन्ने हिम्मत गर्नुहोस् । साथीसंगी र शिक्षकको सहयोग लिनुहोस् ।
- कसैको लहैलहमा लागेर वा अरुको सिको गरेर विवाह कदापि नगर्नुहोस् ।
- शिक्षा आर्जन र २० वर्ष उमेर पुगेपछि मात्र विवाह गर्ने निर्णय गर्नुहोस् ।
- बालविवाह हुँदैछ या तपाईको इच्छा विपरीत जवरजस्ती विवाह गर्न खोजिदैँ छ भने बालक्लव, बाल संरक्षण समिति, प्रहरी कन्ट्रोल रुम १०० अथवा बाल हेल्पलाइन १०९८ मा जानकारी गराउनुहोस् ।

दार्चुला, मालिकार्जुनकी कक्षा ७ मा अध्ययनरत १५ वर्षिय किशोरीको २०७६ माघ ९ गते विवाह तय भयो । किशोरीले जवरजस्ती हुन लागेको विवाह रोक्न आफ्नो विद्यालयको बालक्लबको सहयोग लिइन । गाउँपालिकाको सहयोगमा बालक्लबले बालविवाह रोक्यो । अन्तत, छोरीको उमेर २० वर्ष पुगे पछि मात्र विवाहको बारेमा सोच्नुपर्ने रहेछ भन्ने कुरा किशोरीकी आमाले महसुस गरिन् ।

*स्रोत: दिनेश खबर, १६ माघ २०७६*

दिपायल सिलगढी, डोटीकी म १७ वर्षिय किशोरी । २०७५ वैशाखमा कक्षा ७ मा पढ्दै गर्दा मेरो छिमेकी दिदीको विवाह भयो । म लगायत सबै साथीहरुको सहयोगमा उनले भागेर विहा गरिन् । विवाहपछि उनी राम्रो लुगा र गहना लगाएर माइती आउन थालिन् । माइत आउँदा सबैले उनलाई माया गरेको देख्दा ममा पनि विवाह गर्ने रहर पलायो । दिदी मााइती आउँदा म धेरैजसो समय उहाँसगै नै बिताउने गर्थे । एकदिन उनले एकाएक एकजना मेरै उमेरको केटाको बारेमा भनिन् र मलाई ऊसँग विहे गर्न राजी गराइन् । त्यसै वर्ष असारको १३ गते हामीले भागी विवाह गऱ्यौ । विहे गरेको शुरुका केही दिन त मैले सोचे जस्तै र देखेँ जस्तै भयो । १ वर्ष नबित्दै घरमा सानो सानो कुरामा झगडा हुन थाल्यो । विहे अघि राम्रै चलेको मेरो पढाई पनि जहाँको त्यहीं रोकियो । विस्तारै सबै कुराको अभाव हुन थाल्यो । पैसाको विकल्प नदेखेपछि श्रीमान पनि पढाई छोडेर भारततिर लागे । शुरूका दिनमा भारतबाट पैसा पठाए, तर अहिले पैसा नपठाएको र फोनमा कुरा नभएको लगभग ७ महिना भइसक्यो । अहिले म माईतीघरमै बसिराछु । सँगैका साथीहरूलाई विद्यालय गएको, नयाँ लुगा लगाएको देख्दा मन नै विरलिन्छ । मलाई लाग्छ यो सबै कुरा काँचो उमेरमा विवाह गरेको परिणम हो ।

## बालविवाह सम्बन्धी कानूनी व्यवस्था :

नेपालको संविधान २०७२ को धारा ३९ को उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन भनी व्यवस्था गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले विवाह गर्नको लागि न्यूनतम उमेर २० वर्ष तोकेको छ । बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँ ग विवाह गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र ७५,००० रुपैयासम्म जरिवानाको व्यवस्था गरेको छ । मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७३ अनुसार २० वर्ष उमेर नपुगी भएको विवाह स्वत: बदर हुनेछ ।





आदरणीय अभिभावकज्यू,
तपाईका नाबालक छोराछोरीहरुको विवाह गरिदिन हतार नगर्नुहोस् । कतै तपाईले हतारमा गरेको निर्णयले बालबालिकाको भविष्य बर्वाद पनि हुन सक्छ । छोराछोरीको सुनौलो र सुनिश्चित भविष्यका लागि कुशल अभिभावकत्व निर्वाह गर्नुहोस् । आउनुहोस्, सबै मिलेर आजैदेखि बालविवाहमुक्त समाज निमार्णमा जुटौं ।




**सम्पर्क ठेगाना :**

**गुड नेवर्स इन्टरनेशनल नेपाल**

**एकान्तकुना, ललितपुर**

**टोल फ्रि नं. : १६६०० १९२०२१**



*राष्ट्रिय बाल अधिकार परिषदको प्रमाणीकरणमा गुड नेवर्स इन्टरनेशनल नेपालद्वारा तयार पारिएको ।*


# सबै जुटौं बालविवाह रोकौं



बालविवाहले बालबालिकाको सिंगो जीवनमा नै नराम्रो प्रभाव पार्दछ ।

Good Neighbors International